प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : १२२ ॥ २०८१ जेठ ३० गते बुधबार (12th Jun 2024 Wednesday) — Pratidin National Daily — मूल्य-रु.५/-

# कोशीमा धार्मिक र जातीय द्वन्द्व हुनसक्ने चिन्ता



झापा(प्रस) । विराटनगरमा दुई दिनसम्म चलेको कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठी प्रदेशमा अझै धार्मिक र जातीय द्वन्द्वका घटना हुनसक्ने निष्कर्ष निकालिएको छ। गोष्ठीमा धर्म र जातको आधारमा द्वन्द्व बढाउने गतिविधि अझै नरोकिएको विषय उठेको थियो । यस्तै मंगोल अर्गनाइजेसनको गतिविधि, जसपा विभाजनले पार्नसक्ने असर, पहिचानको मुद्दा उठाउनेहरुको गतिविधि जारी रहेको, राजेन्द्र महतोले थालेको अभियानलगायतका विषयमा केन्द्रीत गरेर छलफल भएको सहभागीले बताएका छन् । 'अहिले तत्काल यी विषय समाधान गर्न नसकेपछि समस्या बढ्छ भन्ने हिसाबले कुरा भयो,' गोष्ठीमा सहभागी एक सुरक्षा अधिकारीले भने, 'ठगी, मिटरब्याजी, लघुवित्त, सहकारीको हिनामिना, दुर्गा प्रसाईको अभियान पनि अझै थ्रेटको रुपमा आएको सहभागीले बताएका छन् ।'

यस पटकको छलफलमा कोशी प्रदेशमा भारी वर्षाले हुनसक्ने क्षति र विपदको व्यवस्थापनको विषयमा पनि छलफल केन्द्रीत भएको थियो । आइतबार राजस्व सचिवको सहभागितामा झापा, मोरङ, सुनसरीका प्रमुख जिल्ला अधिकारी, सुरक्षा अधिकारी, भन्सार अधिकारी, राजस्व अनुसन्धान, आन्तरिक राजस्वको टोलीबीच राजस्व चुहावटको विषयमा छलफल भएको थियो । सोमबार भने समग्र प्रदेशको सुरक्षा संवेदनशीलतालाई ध्यान दिँदै सहभागीले छलफल गरेका थिए ।

गृहमन्त्रालयका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईले कोशी प्रदेशमा सामाजिक, धार्मिक सद्भाव एवं भाइचारा हिसावले संवेदनशील रहेको र पछिल्लो समय यहीका आम नागरिकले सकारात्मक सहयोग गरेको बताए। 'विगतमा केही समस्या देखिएको थियो । अब पनि त्यसखालको घटना हुन नदिनका लागि सतर्क रहने विषयमा छलफल भएको छ,' उनले भने ।

❖ बाँकी तेस्रो पृष्ठमा

# १२ खर्बको रेमिट्यान्स भित्रिँदा १२ खर्बकै व्यापार घाटा

झापा(प्रस) ।चालू आर्थिक वर्षको पहिलो १० महिनामा ११ खर्ब ९८ अर्ब ६० करोडको रेमिट्यान्स भित्रिएको छ भने १० महिनामा ११ खर्ब ७७ अर्ब १८ करोड रुपैयाँको व्यापार घाटा भएको छ ।

गत साउनदेखि वैशाखसम्ममा रेमिट्यान्सको वृद्धि र आयातमा आएको सामान्य कमीले गर्दा मुलुकको चालू खाता १ खर्ब ९३ अर्ब २५ करोड रुपैयाँले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता ६३ अर्ब ७४ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४९ करोड ३६ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा १ अर्ब ४५ करोडले बचतमा रहेको छ ।

चालू खाताले वैदेशिक कारोबारमा खर्च र आम्दानीको अन्तरलाई जनाउँछ । चालू खाता सकारात्मक भएमा मुलुकले लगानीभन्दा बचत गरेको देखाउँछ । चालू खाता वैदेशिक मुद्राको कारोबारको एउटा विवरण हो, जसमा व्यापार, रेमिट्यान्स, ट्रान्सफर आदिको आम्दानी र खर्चको रकम समावेश हुन्छ । यो देशको




अर्थतन्त्रको सबलता मापन गर्ने एउटा सूचक पनि हो ।

चालू खातामा आएको बचतसँग शोधनान्तर स्थिति पनि ३ खर्ब ९२ अर्ब ६४ करोडले बचतमा आएको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २ खर्ब ९ अर्ब ४९ करोड रुपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ५९ करोडले बचतमा रहेको शोधनान्तर स्थिति यसपालि २ अर्ब ९५ करोडले बचतमा रहेको छ । मुलुकबाट बाहिरिने भन्दा मुलुकमा भित्रिने रकम बढी हुँदा शोधनान्तर बचतमा पुग्ने हुन्छ ।

१० महिनामा रेमिट्यान्स आप्रवाह १९ दशमलव २ प्रतिशतले वृद्धि भई ११ खर्ब ९८ अर्ब ६० करोड पुगेको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ दशमलव ४ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७ दशमलव १ प्रतिशतले वृद्धि भई ९ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव ४ प्रतिशतले बढेको थियो ।

केन्द्रीय बैंकको तथ्यांकअनुसार वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ३ लाख ७४ हजार ८ सय ८७ र पुनः श्रम स्वीकृति लिनेको संख्या २ लाख ३७ हजार ८ सय ९३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ४ लाख २१ हजार २ सय ७९ र २ लाख ३८ हजार ९ सय ७६ रहेको थियो ।

गत वर्षको असार मसान्तमा १५ खर्ब २९ अर्ब ३६ करोड रुपैयाँबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६ दशमलव २ प्रतिशतले वृद्धि भई अहिले १९ खर्ब ४२ अर्ब ४० करोड रुपैयाँ पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ वैशाख मसान्तमा २४ दशमलव २ प्रतिशतले वृद्धि भई १४ अर्ब ५४ करोड पुगेको छ ।

आव २०८०/८१ को १० महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.१ महिनाको वस्तु आयात र १२.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकको भनाइ रहेको छ ।

वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति ४ दशमलव ४० प्रतिशत रहेको छ । मुद्रास्फीतिलाई मुद्रा अवमूल्यन र महँगीको पर्यायका रूपमा लिइन्छ ।

# एसइईको नतिजा असार दोस्रो साताभित्र

झापा(प्रस) । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्ने गरी काम भइरहेको जनाएको छ ।

परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण र अङ्कभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिए ।

उनले कार्ययोजनाअनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी अन्य काम तीव्र गतिमा भइरहेको बताए । "हामीले उत्तर पुस्तिका परीक्षण र अङ्क अभिलेखको काम सकेका




छौँ । प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतिजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ ।

कर्मचारीका विभिन्न समूह बनाएर काम भइरहेकाले निर्धारित समयमै नतिजा सार्वजनिक गर्छौं", उनले भने । उनले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण गरिएको जानकारीसमेत दिए ।

गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको बोर्डले यसवर्ष १४ दिन अगावै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेको भन्दै परीक्षा नियन्त्रक पौडेलले यसवर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर सार्वजनिक गरिने बताए ।यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिक तर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भए सरह मानिने बताए ।

गत चैत १५ गतेदेखि सुरु भएको यस वर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् ।

# दशगजामा गाडिएको दुई शव फेला

झापा(प्रस) । भारतसँग सीमा जोडिएको पर्साको जगरनाथपुर गाउँपालिकाको दशगजा क्षेत्रमा गाडिएको अवस्थामा दुई जना पुरुषको शव फेला परेको छ।

जगरनाथपुर गाउँपालिका-१ बिसनपुर्वाबाट भारत बिहारको नगरदेही जाने बाटो छेउको नेपालतर्फ पर्ने ओरिया खोलास्थित दशगजा क्षेत्रमै मंगलबार बिहान पहिचान खुल्न नसकेका दुई पुरुषको शव भेटिएको हो।

दशगजा क्षेत्रमा पर्ने ओरिया खोलामा रहेको ४२१-५ नम्बरको सीमा पिल्लरनजिकै बालुवामा गाडिएको अवस्थामा अन्दाजी ३५/४० वर्ष उमेरको जस्तो देखिने दुई पुरुषको शव भेटिएको पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी दिए। मंगलबार बिहान ७ बजेतिर दशगजा क्षेत्रमा नेपालको सशस्त्र प्रहरी र भारतको एसएसबीको संयुक्त टोलीले गस्ती गर्ने क्रममा गाडिएको अवस्थामा ती दुवै शव भेटिएको हो।

शव भेटिएको स्थल नेपाल तर्फको भूभाग रहेको भन्दै भारतीले पहिचान भने खुल्न नसकेको बताए। गाडिएको शव निकालेर पोष्टमार्टमका लागि वीरगन्जस्थित नारायणी अस्पतालमा पठाइएको भारतीले जानकारी दिए। उनले भने,' दुवै शवको पहिचान अहिलेसम्म खुल्न सकेको छैन। त्यसका लागि प्रहरीले प्रयास गरिरहेको छ।'

# १५ करोड ठगी गर्ने चार पक्राउ



झापा(प्रस) । अमेरिका, कम्बोडिया, न्युजिल्याण्ड र फ्रान्स पठाइदिन्छु भन्दै करिब १५ करोड ठगी गर्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मंगलबार पत्रकार सम्मेलन गरी आरोपितहरुलाई सार्वजनिक गरेको हो । तीन सयजना भन्दा बढी मानिसहरुसँग अमेरिका कम्बोडिया, न्युजिल्यान्ड, फ्रान्सलगायतका देशमा पठाइदिने भन्दै १५ करोड रुपैयाँ ठगी गर्ने तीन जनालाई अनुसन्धानको क्रममा पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए । उनका अनुसार पक्राउ पर्नेहरुमा चितवन भरतपुर महानगरपालिकाका २८ वर्षीय राजकुमार भट्ट, कास्की माछापुच्छ्रे गाउँपालिकाका २२ वर्षीय नविन बिक र पोखरा महानगरपालिकाका २३ वर्षीय पवन पन्त छन् ।

यस्तै अमेरिका पठाउने भन्दै ठगी गर्ने सोलुखुम्बुका ४६ वर्षीय नारायणकुमार खड्कालाई पनि पक्राउ गरिएको छ । वैदेशिक रोजगारीको प्रलोभन देखाएर उनीहरुले विगत ३/४ वर्षयता ३०० जनाभन्दा बढी मानिसबाट ५ देखि १० लाखका दरले १५ करोडभन्दा बढी ठगी गरेको उनले जनाए । उनीहरुले फेसबुक म्यासेन्जर, ह्वाट्स एपलगायतका सामाजिक सञ्जालमा नक्कली खाता खोजेर उनीहरुले वैदेशिक रोजगारीका लागि कम्बोडिया, न्युजिल्यान्ड, फ्रान्सलगायतका देशमा लैजाने भनेर विज्ञापन गर्दै ठगी गर्ने गरेको पाइएको बताए ।

उनले पक्राउ पर्नेहरुले विभिन्न व्यक्तिहरूको खातामा रकम जम्मा गर्न गराइ, चेकमार्फत निकाल्न लगाएर भने बमोजिमका मानिसहरुलाई दिन लगाएर ठगी गर्ने गरेको खुलेको पनि बताए । प्रहरीमा नवीन चौधरीसहित १५ जनाले उजुरी दिएपछि प्रहरीले अनुसन्धानको क्रममा उनीहरुलाई पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेहरुले नेपालमा काम दिने बहानामा केही एकाउन्टेण्ट राखेर उनीहरूलाई समेत ठगीमा प्रयोग गरेको खुलेको प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले जानकारी दिए ।

# दुर्घटनामा घाइते बिर्तामोडका श्रेष्ठको निधन

झापा(प्रस)। करिव चार महिनाअघि सवारी दुर्घटनामा परी घाइते भएका बिर्तामोड ४ का १६ वर्षीय अंशु श्रेष्ठको उपचारका क्रममा निधन भएको छ ।

बिर्तामोडको बीएण्डसी हस्पिटलमा उपचारका क्रममा आइतवार बिहान ७ बजे उनको मृत्यु भएको हो । गत माघ १२ गते अन्दाजी साँझ ५.४५ बजेको समयमा बिर्तामोड ३ दुर्गा पाटी प्यालेस छेउस्थित भित्री पक्की सडकखण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गइरहेको प्र१-०१-००१च ७१५३ न. को कार र बिपरित दिशातर्फ आउँदै गरेको मे ६प १६१२ न. को मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो ।



दुर्घटनामा मोटरसाइकल चालक बिर्तामोड ४ बस्ने १८ वर्षीय सचिन खतिवडा र सोही मोटरसाइकलको पछाडि सवार वडा नं ३ बस्ने १९ वर्षीय कलिस लिम्बू सकुशल रहेका थिए भने सोही मोटरसाइकलको पछाडि सवार अंशु श्रेष्ठको खुट्टामा चोट लागेर सामान्य घाइते भएका थिए। उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पुर्याएर सामान्य उपचारपश्चात् डिस्चार्ज भई घर ल्याइएकोमा राति समस्या परेपछि थप उपचारको लागि ओमसाई पाथिभरा अस्पताल भद्रपुर पठाइएको थियो । माघ १३ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिगई कार र कार चालक बिर्तामोड ५ बस्ने ३० वर्षीय विशाल बिकलाई नियन्त्रणमा लिएको थियो ।

जेठ १० गते घाइते अंशुलाई थप उपचारको लागि बीएण्डसी अस्पताल ल्याइएको थियो । उपचारका क्रममा आइतवार बिहान ७ बजे उनको मृत्यु भएको हो । घटनाको जानकारी प्राप्त भएपश्चात् कार चालक विकलाई नियन्त्रणमा लिन समन्वय भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।



# अमेजनका माछा नेपालका नदीमा

झापा(प्रस) । मोरङको बेलबारी र धनपालथानमा माछाको एक गैरदेशीय प्रजाति फेला परेको छ । दक्षिण अमेरिकाको अमेजन नदीमा पाइने टेरिगोप्लिक्थिस डिसजन्किटिभस वैज्ञानिक नाम रहेको उक्त माछा नेपालमा पहिलो पटक बेलबारीस्थित नदीमा चार वर्षअघि देखापरेको थियो ।



नयाँ प्रजातिको माछा भन्ने शङ्का लागेर त्यही समयदेखि स्थानीय अनुसन्धानकर्ताहरु जसहाङ लिम्बू, दीपक राजवंशी, अस्मित सुब्बा र लक्ष्मण खनाल यसलाई पछ्याउन थालेका थिए । पछि दुई चाइनिज अनुसन्धानकर्ताहरु जिनक्वान याङ र चेनहोङ लिको सहयोगमा उनीहरुले यो अतिमिचाहा स्वभाव भएको र नेपालका लागि नयाँ प्रजाति हो भन्ने पुष्टि गरे। यो माछाको बासस्थान, शारीरिक र आनुवंशिक बनोट तथा आनीबानी र नेपालमा पहिलो पटक भेटिएको भन्ने पुष्टि गर्दै अनुसन्धानकर्ताद्वारा लेखिएको एक लेख 'बायोइन्भेजन्स् रेकर्डस्' भन्ने विज्ञान पत्रिकाको हालैको अङ्कमा छापिएको छ । स्तरीय मानिएको (क्यू टु) उक्त विज्ञान पत्रिकामा उल्लेख भएअनुसार लोहन्द्रा खोलाबाट यस माछाका ४३ वटा नमूना सङ्कलन गरिएका थिए ।

पूर्वी नेपालका तमोरलगायत स्थायी नदीका ५० स्थानमा अध्ययन गरिएकामा लोहन्द्राका दुई स्थानमा यो प्रजाति र यही जातको अर्को प्रजाति भने दमकतिरका खोलाहरुमा भेटिएको लेखमा उल्लेख छ । हेर्दा आकर्षक लाग्ने, दुई सयदेखि तीन सय ग्राम तौलसम्मका नमूना सङ्कलित भएका थिए ।

अमेरिकाको माछा नेपाल कसरी आइपुग्यो भन्ने जिज्ञासामा अनुसन्धानकर्ता मध्येका एक जसहाङ लिम्बूले भने, "यसमा हामीले दुई बाटो अनुमान गरेका छौं । कि कसैको एक्वारियमबाट फुत्केर प्राकृतिक नदी प्रणालीमा गयो कि भारतबाट नदीमा खेल्दै आएको हुनसक्छ", उनले भने, "जताबाट आए पनि यो नेपाल भित्रिएपछि यहाँका रैथाने माछालाई हेप्ने, खानेकुरा खाइदिने, फूल र भुरा खाइदिने गरेको पाइयो, जसकारण हाम्रा स्थानीय माछाहरु नासिने सम्भावना हुन्छ । यसले धेरै देशमा यस्तो विध्वंस मच्चाउँदै प्राकृतिक पारिस्थितिक प्रणालीलाई असन्तुलित पार्दै आएको छ ।"

उनका अनुसार यो पहिला लजालु र स्थिर बसिराख्छ तर मौका पर्दा रैथाने माछालाई आक्रमण गर्ने, टोक्ने र बच्चालाई खाइदिने गर्छ । "सन् २०१९ देखि यसको खोजीमा लाग्दा थाहा भयो कि लोहन्द्रा खोलामा यो स्थापित भइसकेको छ, संख्या निरन्तर बढिरहेको छ, अब अरु नदी तथा माछापालन गरिएका पोखरीमा विस्तार हुँदैन भन्न सकिन्न", लिम्बूले भने,"व्यावसायिक पोखरीमा पस्यो भने यसबाट ठूलो क्षति हुन्छ । यो माछालाई खासमा एक्वारियममा राखी आनन्द लिने हो तर खानमा यो अप्रिय प्रजाति हो ।"

यो मिचाहा स्वभाव भएको गैरदेशीय प्रजातिलाई तत्कालै नियन्त्रण गर्नका लागि अनुसन्धानकर्ताहरुले सुझाव दिइरहेका छन् । अनुसन्धानकर्ताहरुले लेखमा भनेका छन्,"यसबारे थप अनुसन्धान गरी नियन्त्रण गर्न नीति निर्माण तह नै लाग्नुपर्ने हुन्छ । नियन्त्रित नगरिएमा माछा मारेर जीविको चलाउनेको जीवनयापन नै सङ्कटमा पर्ने, देशले ठूलो आर्थिक क्षति बेहोर्नुपर्ने हुन्छ भने प्राकृतिक प्रणालीलाई नै चुनौती दिन्छ ।"

तथ्याङ्कअनुसार नेपालमा यो टेरिगोप्लिक्थिस डिसजन्किटिभससहित करिब दुई सय ६० प्रजातिका माछा पाइन्छन् जसमध्ये १८ प्रजाति गैरदेशीय छन् भने १७ प्रजाति नेपालबाहेक अन्त पाइँदैनन् ।

# असार मसान्तसम्म बीमा नवीकरण गराइसक्नुपर्ने




झापा(प्रस) । स्वास्थ्य बीमा बोर्डले सेवा निरन्तरताका लागि वि.सं २०८१ असार मसान्तसम्म बीमा नवीकरण गरिसक्नुपर्ने जनाएको छ ।

बोर्डले एक सूचना जारी गर्दै स्वास्थ्य बीमामा विसं २०८० वैशाख १ देखि २०८० असार मसान्तमा आबद्ध नयाँ दर्ता तथा नवीकरण गरी २०८० भदौ १ गतेदेखि सेवा सुरु गरेका बीमितहरुले सेवा निरन्तरताका लागि उक्त अवधिभित्र नवीकरण गरिसक्नुपर्ने जनाएको हो । नवीकरणका लागि आ-आफ्नो वडामा रहेका दर्ता सहयोगीका साथै अनलाइनमार्फत गर्न सकिने बोर्डले जनाएको छ । वि.सं २०८१ साउन १ गतेदेखिको नयाँ दर्ता तथा नवीकरण स्वतः २०८१ मङ्सिर १ देखि क्रियाशील हुने सूचनामा उल्लेख छ ।

बोर्डकी सूचना अधिकारी ओमकुमारी कँडेलका अनुसार मंगलवारसम्म बीमित जनसंख्या ८० लाख ७९ हजार सात सय ८२ जना छन् । हालसम्म ५० लाख ३८ हजार आठ सय ४० जनाले नवीकरण गराएका छन् ।

सूचना अधिकारी कँडेलले सेवा लिनेले हरेक वर्ष नवीकरण गराउनैपर्ने बताइन् । उनले भनिन्, "नवीकरण आवश्यक छ । नयाँ दर्ता गराउन चाहनेले आफू बस्ने वडामा गएर स्वास्थ्य बीमा गराउन सक्छन् । प्रत्येक वडामा दर्ता सहयोगी छन् ।"

## डिभिजन वन कार्यालय, झापाको काठदाउरा लिलाम बिक्रि संबन्धि सूचना

(पहिलो पटक प्रकाशन मिति २०८१।०२।३० गते)

आ.व. २०८० /०८१ माSASEC Highway Enhancement Project (SHEP) ADB Project No.P52097-003 NEP अन्तर्ग काकडभिट्टा लौकही सडक योजना (पूर्वी खण्ड) मध्येको कनकाई सब डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको चेनेज सम्मको सिमाभित्र परेका रुखहरु मध्ये सम्बन्धित आयोजनाबाट कटान,मुछान,टुनटुक्रा भई घाटगद्दीमा पाईलिङ समेत भई सो आयोजनाबाट मिति २०८१।२।२७ मा यस कार्यालयलाई हस्तान्तरण भई आएको कनकाई सब डि.ब.का.,झापा, सुरुङा कार्यालय हाता भित्र घाटगद्दीमा रहेको जंगली सिसौ,खयर, बृ.सिसौ, सिमल,मसला,साल सहित अन्यजातको विभिन्न लटका गोलिया थान २२९२ को परिमाण १०२०१.५७ क्यु.फि. गोलिया काठ तथा साल मिश्रित, सिसौ टिक मिश्रित र अन्य विभिन्न जातको दाउरा ९७ चट्टाको बोलपत्र प्रक्रियाबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले दिन २१ (एक्काइस) भित्रमा प्रदेश वन निर्देशनालय, धरान र यस कार्यालयबाट प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता भएका डिभिजन वन कार्यालयमा सुचीकृत गोलिया काठ चिरान गर्ने सःमिल र काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले प्रत्येक लटको लागि छुट्टाछुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा दिनको १:०० बजे भित्र बोलपत्र खरिद गरेको कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ । बिस्तृत ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटी तथा कार्यालयको Web site dfojhapa.koshi.gov.np मा राखिएको छ ।

# लागूऔषध दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा लागूऔषध दुर्व्यसन सम्बन्धी दुई दिने सचेतना कार्यक्रम सुरु भएको छ । पछिल्लो समय लागूऔषधका कारोबारी र प्रयोगकर्ता बढ्दै गएपछि विद्यालयस्तरबाटै सुधार ल्याउने उद्देश्यसाथ विद्यार्थीलक्षित सचेतना कार्यक्रम गरिएको हो । झापा टुडे मिडिया प्रालिको आयोजना, बिर्तामोड नगरपालिका वडा नम्बर १ को आर्थिक सहयोग तथा इलाका प्रहरी कार्यालय अनारमनीको सहकार्यमा सचेतना कार्यक्रम गरिएको हो । कार्यक्रमको पहिलो दिन बिर्तामोड-१ मा रहेका वाल्मीकि एजुकेसन फाउन्डेसन र मनकामना सेकेन्डरी स्कुलका विद्यार्थीहरुबीच कार्यक्रम गरिएको थियो ।




कार्यक्रममा वाल्मीकिबाट १७१ जना र मनकामनाबाट १४३ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड वडा नम्बर १ का वडा अध्यक्ष अग्निप्रसाद पाण्डे, नेपाल औषधि व्यवसायी संघ झापाका अध्यक्ष जीवनकुमार खड्का, वाल्मीकिका शिक्षक कुलमणि चौलागाईं, मनकामनाका सहायक प्रधानाध्यापक ध्रुव गौतमले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए । झापा टुडेका अध्यक्ष तथा सम्पादक हिमाल खरेलको अध्यक्षतामा भएको सचेतना कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी निरीक्षक नरेश लिम्बूले प्रशिक्षण दिएका थिए ।कार्यक्रमपछि विद्यार्थीहरु समिप लिङदाम, संस्कृति प्रसाईं र सुदन खरेलले प्रशिक्षणबाट सिकेको अनुभव सुनाएका थिए ।

वडा सचिव टिका अधिकारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत गरेको कार्यक्रमको सञ्चालन झापा टुडेकी निर्देशक तथा समाचार प्रमुख विनिशा शर्माले गरेकी थिइन् ।

# १ सय ५ वर्षकी शिवमायाले बनाइन् राष्ट्रिय परिचयपत्र



पाँचथर(प्रस) । पाँचथरको हिलिहाङ गाउँपालिका ५ की शिवमाया लिम्बूले १ सय ५ वर्षको मंगलबार राष्ट्रिय परिचयपत्र बनाएकी छिन् । लिम्बूले सदरमुकाम फिदिमस्थित जिल्ला प्रशासन कार्यालय पाँचथरमा आएर राष्ट्रिय परिचयपत्र बनाएकी हुन् । नागरिकता अनुसार लिम्बूको जन्ममिति १९७७ साल फागुन १४ गते हो । हिलिहाङ गाउँपालिका ५ सुभाङबाट २०५१ सालदेखि सामाजिक सुरक्षा भत्ता बुझ्दै आएकी थिइन् ।

यसअघि सामाजिक सुरक्षा भत्ताका लाभग्राहीलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको थिएन ।

गाडीबाट अढाइ घण्टा लगाएर बुहारीसँग सदरमुकाम आएकी थिइन् । यो वर्षदेखि सामाजिक सुरक्षा भत्तासहित सरकारी कामकाजमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेकाले सदरमुकामसम्म आएर फोटो खिचाएको साथमै रहेकी श्रीमाया स्रेङ (सुहाङ) ले बताइन् ।

## विमालेख हरायो

दमक निवासी दुर्गाप्रसाद पोखेलको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि.को २०००१३६१३ नम्बरको बिमालेख,दमकबाट बिर्तामोड आउने क्रममा २०८१/१/३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

सम्पर्क : दुर्गाप्रसाद पोखेल
ठेगाना : दमक - १, झापा
मो : ९८५२०७०९२२

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

## मौजुदा सूचीमा सूची दर्ता गराउने सम्बन्धमा

सूचना प्रकाशित मिति : २०८१/०२/३०

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को लागि आर्थिक बर्ष २०८१/०८२ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरु आपुर्ति गर्ने प्रयोजनका लागि सामान तथा सेवा प्रदायकहरुको सूची सूचीकृत गरिने हुँदा मौजुदा सूचीमा सूचीकृत हुन इच्छुक इजाजतप्राप्त रजिष्टर फर्म तथा कम्पनीहरुले सम्बन्धित बिषयको कारोवार गर्न स्वीकृति प्राप्त प्रमाणपत्र प्राप्त गरेका एवं कुनै कसुर नलागेका तथा कालो सूचीमा नपरेका इच्छुक फर्म/कम्पनी र सप्लायर्सको दर्ता प्रमाणपत्र(नविकरण सहित) २०७९/२०८० को कर चुक्ता प्रमाण,पान तथा भ्याट दर्ता प्रमाणपत्र र आवश्यक कागजातहरुसहित यो सूचना प्रथम पटक प्रकाशित मितिले १५(पन्ध्र)दिनभित्र यस संस्थाको मुल कार्यालय विर्तामोड-२,चारपानेमा कार्यालय समयभित्र उल्लेखित कागजपत्र संलग्न गरी रितपूर्वक सूची दर्ता गराउनु हुन यो सूचना आव्हान गरिन्छ ।

**तपशिल :**

| क्र.स | सूचीकृतको प्रकार | आपूर्ति गर्नु पर्ने मालसामान तथा सेवाको वर्गीकरण |
|---|---|---|
| १ | स्टेशनरी सामानहरु | नेपाली,इन्डेक्स,कोब्रा फायल,फोटो कपी पेपर,खाम,नेपाली कागज,रजिष्टर र प्रिन्टर कार्टेज मसी र अन्य स्टेशनरी सामानहरु । |
| २ | छपाई सम्बन्धी कार्यहरु | मसलन्द छपाइ,त्रैमासिक पत्रिका,बार्षिक प्रतिवेदन,पुस्तक प्रकाशन,क्यालेण्डर,बुलेटिन, पम्प्लेट,पर्चा र अन्य प्रतिवेदन । |
| ३ | फर्निचर सामानहरु | स्टील टेबल,एस.कुर्सी,स्टील र्‍याक,थ्रि सिटर,स्टील दराज,कम्प्युटर टेबल,अन्य काठ र स्टीलका फर्निचर सामानहरु तथा मर्मत कार्य । |
| ४ | कम्प्युटर र प्रिन्टर | डेक्स्टप कम्प्युटर,प्रिन्टर,ल्यापटप तथा मर्मत कार्य । |
| ५ | कार्यालय उपकरण | टीनको वाकस,ट्याब्लेट,चेक राइटर,स्क्यानर,सेफ,नोटगणना मेशिन,फेन,ब्याट्री, इन्भर्टर, स्टेपलाईजर,सी.सी.क्यामेरा,राउटर,अनलाईन यु.पि.एस.मोवाईल,ए.सि,क्यामेरा,जेनेरेटर तथा अन्य कार्यालय उपकरण र मर्मत कार्य । |
| ६ | सेवा केन्द्र आन्तरिक डेकोरेशन | टेबल,हाफ् पार्टीशन,फुल पार्टीशन,फल्स सिलिङ्ग, फिक्स बेन्च,काउण्टर टेबल,रंगरोकन कार्य, अफिस सजावट सामग्रीहरु र अन्य सामानहरु । |
| ७ | कर्मचारी पोशाक खरिद | शर्ट,पेन्ट,कोट,टि-शर्ट,सारी,ब्लाउज,सल तथा पोशाक आपूर्ति तथा सिलाई कार्यहरु |
| ८ | खानेपानी आपूर्ति | मिनरल वाटर,जार तथा बोतलको पानी । |
| ९ | कुरियर र ढुवानी | चिठ्ठी, पत्र,कुरियर,पार्सल र ढुवानी । |
| १० | यातायात साधन | बस,कार,मोटर साईकल,साइकल,यातायात साधनका पार्ट पुर्जा खरिद र मर्मत कार्य |
| ११ | पत्रिका प्रकाशन | पत्रपत्रिकामा सूचना प्रकाशन तथा एजेन्सी कार्यहरु गर्ने । |
| १२ | इन्धन आपूर्ति | डिजल,पेट्रोल र मोबिल । |
| १३ | भवन निर्माण तथा निर्माण कार्य | नयाँ भवन निर्माण,वाल कम्पाउण्ड, निर्माण सामग्री आपूर्ति,रंगरोकन र मर्मत कार्य । |
| १४ | कानूनी परामर्श सेवा | कानूनी परामर्श ताथा सल्लाह । |
| १५ | कृषि सामग्री आपूर्ति | कृषि सामग्री आपूर्ति र घाँसको बीउ,तरकारी बालीको बीउ । |
| १६ | कार्यालय सरसफाई | कार्यालय क्लिनिङ्ग तथ सरसफाई र सामग्रीहरु खरिद । |
| १७ | औषधी र स्वास्थ्य सामग्रीहरु आपूर्ति | औषधी र स्वास्थ्य सामग्रीहरु आपूर्ति । |
| १८ | बिद्युतीय सामानहरु खरिद | मिटर बक्स,एम.सि.भि,बिद्युत तार खरिद,बल्ब तथ अन्य सामानहरु । |
| १९ | इन्टरनेट,इन्ट्रानेट र इन्टरनेट सामग्री खरिद | इन्टरनेट,इन्ट्रानेट तथा नेटवकिङ्ग कार्य तथा अन्य सामानहरु । |
| २० | प्लम्बर कार्य तथा सामान खरिद | प्लम्बर कार्य तथा सामग्रीहरु खरिद र मर्मत । |
| २१ | सुरक्षा गार्ड आपूर्ति | सुरक्षा गार्डको सूचना तथा आपूर्ति कार्य । |
| २२ | कन्सलटेन्सी सेवा | डेकोरेशन डिजाईन, भवन तथा अन्य इन्जिनियर डिजाईनहरु । |

**अन्य विवरणहरु :**

१. फर्म दर्ता,ब्यवसाय प्रमाणपत्र,आय कर चुक्ता प्रमाणपत्र,कर कार्यालयबाट नविकरण भएको हुनु पर्नेछ ।
२. आ.व.२०७९/२०८० को कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
३. सप्लायर्स/फर्मको आफ्नो कार्यालय वा पसल हुनु पर्नेछ ।
४. निवेदन आफ्नो फर्मको लेटर प्याडमा लेखेको हुनु पर्नेछ जसमा ब्यवसाय प्रमाणपत्र,दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।
५. पसलको ठेगाना,सम्पर्क नम्बर,फर्मको छाप प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ ।
६. सूचीकत दर्ताको लागि निवेदन दिने मध्येबाट उपयुक्त ठहरिएका कम्पनी/फर्महरुलाई मात्र सूचीकृत गरिनेछ ।
७. फर्महरुलाई सूचीकृत गर्ने,नगर्ने,रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

**सहारा नेपाल (साकोस)लि.**
मुल कार्यालय,बिर्तामोड न.पा.-२(चारपाने)
फोन नं. ०२३-५४११९८

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हामी पनि सिकौं

आर्थिक वर्षको अन्तिम महिना असार जब लाग्छ, तब तब विकासका काम धमाधम गर्न खोजिन्छ वा गरेको जस्तो पारिन्छ र त्यस्तै लतपत भएका कामको भुक्तानी पनि हुन्छ। यस्तो प्रवृत्ति असारे विकासका नाममा बदनामित छ। पाल्पाको वगनासकाली गाउँपालिका यसमा अपवाद देखिएको छ। यो पालिकाले यो वर्ष गर्नुपर्ने जति सबै काम सकेको छ। कुनै योजना बाँकी छैन, जुन हतारहतार असारमा सक्नुपरोस् र भुक्तानी दिनुपरोस्। काम पनि सकिएका छन् र भुक्तानी पनि सबै। सबै योजना पनि जेठमा होइन, वैशाखमै सकिएका हुन्।

वगनासकालीले कसरी सक्यो त सबै काम ? उपभोक्ताहरूसँग मिलेर सम्पन्न योजनामात्रै चार सय वटा थिए। तिनलाई चैतभित्रै सक्ने सम्झौता जो थियो। ती त्यसैअनुसार फत्तै भए। ठेक्कापट्टामा लगाएका १६ वटा योजना थिए। तिनलाई वैशाख १५ भित्र सक्ने सम्झौता थियो। ती पनि सकिए। सबै वडामा उपभोक्तासँगका काममा प्राविधिक खटाएर पालिकाले बेलैमा काम गर्न सकेको छ। यो एउटा उदाहरण भएको छ कि पालिकाहरूले चाहँदा बेलामा काम गर्न सकिन्छ। ठेक्कापट्टामा पनि म्याद सकिएपछि फेरि समय थप्ने रोग पनि यहाँ लागेन।

प्रदेश र संघ सरकारहरूका थुप्रै काम भने अझै पनि सकिएका छैनन्। धमाधम जेठ असारतिर आएर मात्रै तान्ने प्रवृत्ति छ। भुक्तानी असारमै धेरै हुन्छ। एउटा पालिकाले काम गर्न सक्छ भने प्रदेश र संघले नसक्ने भन्ने कुरै होइन। र देशभरका अरू पालिकाहरूले पनि गर्न सक्छन्। तर काम गर्ने तौरतरिका पनि छैन र अन्तिमअन्तिममा आएर काम सक्दा जस्तो गरे पनि हुने अनि भुक्तानी दिने र लिने गर्ने नियत पनि असारे विकासको मुख्य कारण हो। योजनाहरूको बेलामा सम्झौता गर्ने, नियमित अनुगमन गर्ने र काम सक्न ताकेता गर्ने हो भने असम्भव भन्ने हुँदैन। तर धेरैभन्दा धेरै टुक्रे योजना राख्ने, प्राविधिक जाँच गर्नै नभ्याउने आदि कारण पनि असारे विकासका कारण हुन्।

असारे विकासले वास्तवमा देशको धनको विनाशमात्रै गरेको छ। उपलब्धिमूलक विकास हुन सकेको छैन। विसका र समृद्धिका लागि बेलामा काम गर्ने र गुणस्तरीय काम गर्ने बानीको जरुरी छ। वगनासकाली गाउँपालिकाबाट देशभरका सरकारले सिक्न जरुरी छ।






# व्यक्तिगत सूचना सुरक्षा



• रुद्रप्रसाद अधिकारी

सामाजिक सञ्जालमा उपलब्ध हुने एपको जथाभाबी प्रयोगले आफ्ना व्यक्तिगत सूचना सुरक्षाको चुनौती थपिएको छ। आफ्ना व्यक्तिगत सूचना कसरी ह्याकरका हातमा पुग्छन् भन्ने हेक्का नराख्नु, यस्ता विषयमा हेलचेक्र्याइँ गर्नु या सजगता नअपनाउँदा निकट भविष्यमा आफू साइबर आक्रमणको सिकार बन्न तयार हुनु हो। तसर्थ सामाजिक सञ्जाल प्रयोगकर्ताले आफ्ना व्यक्तिगत सूचनाको सुरक्षाबारे गम्भीर हुन जरुरी छ। व्यक्तिका निजी सूचना जस्तै, नाम, ठेगाना, सम्पर्क नम्बर, परिचयपत्र या दर्ता नम्बर, जन्म या दर्ता मिति, इमेल ठेगाना, सफ्टवेयरमा प्रयोग हुने युजर नेम (प्रयोगकर्ताको नाम), पासवर्ड, पासकोड, बैङ्क खाता विवरण आदि जसले व्यक्तिको पहिचान र अधिकारसँग सरोकार राख्छ, त्यस्ता सूचनालाई व्यक्तिगत सूचना भनिन्छ।

वर्तमान सूचना प्रविधिको युगमा व्यक्तिगत सूचना भनेकै व्यक्तिगत सम्पत्ति हो। व्यक्तिगत सूचनामा पहुँच हुनु भनेको व्यक्तिगत सम्पत्तिमा पहुँच हुनु हो। तसर्थ व्यक्तिगत सम्पत्तिको रक्षार्थ व्यक्तिगत सूचनाको सुरक्षामा हामीले विशेष ध्यान दिनु पर्छ। घरमै बसी सामाजिक सञ्जाल प्रयोग गर्दा होस् या कार्यालयमा विभिन्न किसिमका सफ्टवेयर चलाउँदा, बजारमा किनमेल गर्न जाँदा होस् या कुनै कार्यालयबाट सेवा लिन जाँदा नै किन नहोस्, कतै आफ्ना व्यक्तिगत सूचना कुनै माध्यमबाट गलत मनसाय भएका व्यक्ति वा समूहको नियन्त्रणमा त पुगेका छैनन् भनी चनाखो हुनै पर्छ।

विशेष गरी हामीले हाम्रो व्यक्तिगत सूचना रहेका नागरिकताको प्रमाणपत्र, सवारीचालक अनुमतिपत्र, मतदाता परिचयपत्र, राहदानी, कर्मचारी परिचयपत्रलगायतका विभिन्न परिचय खुल्ने कागजपत्रमा सुरक्षा सतर्कता अपनाउनु पर्छ। यस किसिमका कागजपत्रमा उल्लिखित व्यक्तिगत सूचना गोप्य राख्नुपर्ने हुन्छ, कुनै पनि किसिमको प्रलोभनमा परी कुनै पनि माध्यमबाट जानेर वा नजानेर अनधिकृत व्यक्ति या समूहको पहुँचमा त्यस्ता सूचना पुऱ्याउने कार्य गर्न हुँदैन।

**व्यक्तिगत सूचना चुहावट हुने कारण**

हरेक क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगसँगै विभिन्न किसिमका जोखिम बढ्दै गइरहेका छन्। पछिल्लो समयमा सूचना प्रविधिको दुरुपयोग गरी साइबर अपराध गर्ने व्यक्ति वा गिरोहले आमसर्वसाधारणलाई विभिन्न प्रलोभनमा पारी उनीहरूका व्यक्तिगत सूचना चोरी गर्ने प्रयास गरिरहेका छन्।

बजारमा कतिपय ठाउँमा निःशुल्क वाइफाई या निःशुल्क इन्टरनेट सुविधाको प्रलोभन देखाई सर्वसाधारणका लागि राखिएका नेटवर्क असुरक्षित हुन सक्छन्। त्यस किसिमका नेटवर्कको प्रयोग गर्नुअघि हामीले सावधानी अपनाउनु पर्छ। विशेष गरी त्यस किसिमका नेटवर्क प्रयोग गरी हामीले कुनै पनि किसिमको वित्तीय कारोबार नगर्नु नै उत्तम हुन्छ।

त्यसैगरी सामाजिक सञ्जालमा चिट्ठा, उपहार, पुरस्कार आदि पर्ने या परेको भन्दै विभिन्न प्रलोभन देखाई आउने लिङ्क जथाभाबी रूपमा खोल्ने, क्युआर कोड स्क्यान गर्ने तथा त्यस्तै किसिमका एपको जथाभाबी रूपमा प्रयोग गर्नाले पनि हाम्रा व्यक्तिगत सूचना चोरी हुने सम्भावना हुन्छ। कुनै प्रतिष्ठित कम्पनीको लोगो प्रयोग भई आउने सूचनाको आधिकारिकता जाँच गर्न सम्बन्धित कम्पनीकै वेबसाइट फलो गर्नु (पछ्याउनु) उपयुक्त हुन्छ।

**हामीले प्रयोग गर्ने सामाजिक सञ्जाल, मोबाइल**

बैङ्किङ एप, नागरिक एप, गेमिङ एपलगायतका विभिन्न मोबाइल एप्स तथा सफ्टवेयरमा प्रयोग गरिने पासवर्ड या पिनकोड अति कमजोर एवं अनुमानयोग्य भएमा पनि ह्याकरले सजिलै पत्ता लगाउन सक्ने भएकाले हाम्रा व्यक्तिगत सूचना असुरक्षित हुन्छन्। तसर्थ सहजताका लागि भन्दै छोराछोरी, श्रीमान् वा श्रीमतीको नाम, जन्ममिति, मोबाइल नम्बर आदिलाई पासवर्डका रूपमा प्रयोग गर्नु हुँदैन। साथै यस किसिमका व्यक्तिगत विवरण सामाजिक सञ्जालमा पोस्ट गर्ने र साझा गर्ने गर्नु हुँदैन। यसले थप जोखिम बढाउँछ।

साइबर अपराधीले व्यक्तिगत सूचना प्राप्तिका लागि विभिन्न किसिमका झुटा इमेल पठाउन सक्छन्। तपाईंलाई लाखौँको या करोडौँको चिट्ठा, उपहार, पुरस्कार आदि परेको छ र सोको दाबी गर्न या डेलिभरी गर्न तपाईंको नाम, ठेगाना या बैङ्क विवरण दिनुहोस्, हामी पठाइदिन्छौँ भन्दै इमेल पठाउन सक्छन्। त्यस्ता इमेलको सूक्ष्म तवरले आधिकारिकता जाँच गरेर मात्रै जवाफ दिने या नदिने यकिन गर्नु पर्छ।

**सूचना चुहावटबाट हुने असर**

साइबर अपराधीले हाम्रा व्यक्तिगत सूचनाको चरम दुरुपयोग गर्न सक्छन्। उनीहरूले हाम्रा सामाजिक सञ्जालमा उपलब्ध तस्बिर दुरुपयोग गरी विभिन्न अश्लील भिडियो बनाउन सक्छन्, अश्लील सामग्री बनाई इन्टर नेटमा राख्दिन सक्छन् वा त्यस किसिमका सामग्री देखाई सार्वजनिक गरिदिने धम्की दिँदै हामीसँगै रकमको मोलमोलाइ गर्न सक्छन्।

अश्लील सामग्री बनाई इन्टरनेटमा राख्दिनाले एकातर्फ हाम्रो इज्जत प्रतिष्ठामा दाग लाग्न सक्छ भने अर्कोतर्फ हामीलाई मनोवैज्ञानिक, सामाजिक, व्यावसायिक एवं पेसागत रूपमा गम्भीर नकारात्मक असर पर्न सक्छ।

कहिलेकाहीँ हामीले हाम्रा व्यक्तिगत सूचनाको सुरक्षामा हेलचेक्र्याइँ गर्नाले हाम्रो बैङ्क खातामा अनधिकृत व्यक्तिको पहुँच कायम हुन गई हामीले ठुलो आर्थिक क्षति बेहोर्नुपर्नेसमेत हुन सक्छ। आफ्नै कमजोरीका कारणले बैङ्क खाताबाट बाहिरिएको रकम फिर्ता ल्याउन सकिँदैन। त्यसै गरी हाम्रो बौद्धिक सम्पत्ति चोरी हुन सक्छ, हाम्रो पहिचानको दुरुपयोग अरू कसैले गरी विभिन्न किर्ते, जालसाजी एवं ठगी कार्य गर्न सक्छन् र हामीले नचाहँदा नचाहँदै अनावश्यक रूपमा कानुनी झन्झट बेहोर्नुपर्ने अवस्था आउन सक्छ।

**रोकथामका उपाय**

व्यक्तिगत सूचना सुरक्षाका लागि सर्वप्रथम त व्यक्ति स्वयम् नै सचेत एवं जिम्मेवार हुनु पर्छ। यसका लागि व्यक्तिले असुरक्षित नेटवर्क र जथाभाबी एपको प्रयोग गर्नु हुँदैन। आफूले प्रयोग गर्ने एप र सफ्टवेयरमा विशेष अक्षरयुक्त कडा पासवर्ड राख्नु पर्छ। अकाउन्टपिच्छे फरक फरक पासवर्ड राख्ने र समय समयमा परिवर्तन गर्नु पर्छ। जथाभाबी आउने लिङ्क खोल्ने र जुन पायो त्यही क्युआर कोड स्क्यान गर्ने गर्नु हुँदैन। सामाजिक सञ्जाल फेसबुक, मेसेन्जर, भाइबर, ह्वाट्स एपलगायत विभिन्न माध्यमबाट विभिन्न खाले प्रलोभन देखाई अनलाइन फाराम भर्न लगाइएको हुन सक्छ, त्यस्ता फारामको आधिकारिकता जाँच नगरी भर्नु हुँदैन। जोकोहीलाई आफ्ना व्यक्तिगत सूचना दिनु हुँदैन र भन्नु हुँदैन। आफ्ना परिचयपत्र र गोप्य राख्नुपर्ने कागजात कहाँ कसरी प्रयोग भइरहेका छन् ख्याल गरी त्यस्ता विवरण सुरक्षित राख्न हरतरहका उपाय अपनाउनु पर्छ। हामीले सूचना सुरक्षाका अनेक उपाय अपनाउन सक्छौँ। आधिकारिक व्यक्तिबाहेक अन्य जोकोहीले बुझ्न नसक्ने गरी कोडिङ गरी राख्न सक्छौँ। त्यसै गरी पासवर्ड सुरक्षाका लागि टु फ्याक्टर या मल्टी फ्याक्टर अथेन्टिकेसन जस्तो इमेल र एसएमएसमा जानकारी प्राप्त हुने विधि प्रयोग गर्न सक्छौँ। साथै बायोमेट्रिक सुरक्षा जस्तो औँठाछाप, अनुहार वा आँखाको रेटिना पहिचान गर्ने विधि प्रयोग गरेर पनि सूचना सुरक्षित राख्न सकिन्छ। हरेक कारोबारमा वान टाइम पासवर्ड (ओटिपी) को प्रयोग गर्नाले कारोबारलाई थप सुरक्षित बनाउन सकिन्छ।

हामीले हाम्रो आवश्यकता अनुसार आफ्ना मोबाइल, कम्प्युटरलगायतका उपकरणमा एन्टिभाइरस तथा एडब्लकर प्रयोग गर्न सक्छौँ। कुनै पनि प्रोग्राम या सफ्टवेयरको प्रयोग गर्नुपर्दा भरसक त्यस्ता सफ्टवेयरको जेन्युन भर्सन (सक्कल प्रति) प्रयोग गर्ने गर्नु पर्छ। हामीले अत्यावश्यक एवं महत्वपूर्ण सूचना छुट्टाछुट्टै स्थानमा डाटा ब्याकअपमा राख्ने व्यवस्था मिलाएर पनि सूचनालाई सुरक्षित गर्न सक्छौँ।

सूचना सुरक्षाका लागि गर्नुपर्ने अर्को महत्वपूर्ण कार्य भनेको समयानुकूल हुने गरी नीतिगत एवं कानुनी व्यवस्था गर्नु हो। नेपालको सन्दर्भमा हालसम्म जुनसुकै सूचना प्रविधि सम्बद्ध कसुरलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाही गर्ने गरिएकामा यसलाई थप परिमार्जित र व्यवस्थित गर्दै व्यक्तिगत सूचना सुरक्षा सम्बन्धमा छुट्टै स्पष्ट नीतिगत एवं कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।

सामाजिक सञ्जाललाई पनि थप नियमन गरी व्यक्तिगत सूचनाको सुरक्षा सुनिश्चिततासहित मर्यादित रूपमा सञ्चालन गरिनु पर्छ। इन्टर नेटको पहुँच वृद्धिसँगै व्यक्तिगत सूचना सुरक्षा चुनौतीपूर्ण बन्दै गइरहेको वर्तमान सन्दर्भमा आमसर्वसाधारणलाई सचेत गराउने, सुसूचित तुल्याउनेलगायतका विभिन्न किसिमका डिजिटल साक्षरताका कार्यक्रमलाई पनि थप प्रभावकारी रूपमा विस्तार गर्नुपर्ने हुन्छ।

**उपचार**

अनेक उपाय अपनाउँदा अपनाउँदै पनि कहिलेकाहीँ अन्जानवश हाम्रा व्यक्तिगत सूचना अनधिकृत व्यक्तिको नियन्त्रणमा पुगेका हुन सक्छन्। यदि हामीले प्रयोग गर्ने सामाजिक सञ्जाल होस् या अन्य त्यस्तै एपको पासवार्ड चोरी भएको वा हुन सक्ने शङ्का लागेमा तत्काल पासवर्ड परिवर्तन गरेर मात्रै चलाउनु पर्छ। सामाजिक सञ्जालमा कसैको चरित्रहत्या गर्ने उद्देश्यले पोस्ट देखिन आएमा रिपोर्ट गरी हटाउन सुझाव दिन सकिन्छ।

त्यसै गरी हामीलाई आफ्नो युजर नेम र पासवर्डमार्फत आफूले प्रयोग गर्दै आइरहेको सफ्टवेयर लगइन गर्न कठिनाइ भएमा तत्काल सिस्टम एडमिनिस्ट्रेटरलाई खबर गरी पासवर्ड रिसेट गरेर मात्रै उक्त सफ्टवेयर चलाउनु पर्छ।

कसैले व्यक्तिगत सूचनाको दुरुपयोग गरी बैङ्क खातामा अनधिकृत पहुँच कायम गरी अनधिकृत रूपमा कारोबार गरेको पाइएमा तत्काल सम्बन्धित बैङ्कलाई जानकारी गराई खाता रोक्का राख्न सकिन्छ। यसो गर्नाले थप अनधिकृत कारोबार हुनबाट बच्न सकिन्छ।

# राजनीतिज्ञको उचाइ



• भुवन न्यौपाने

मुलुकको मेरुदण्ड राजनीति हो। राजनीतिक दलले नै लोकतन्त्रलाई सबल बनाउने हो। राजनीतिमार्फत मुलुकलाई समुन्नतितर्फ लैजाने मुख्य भूमिका नेतृत्वको हुन्छ। अर्थात् समुन्नति र सुशासनका लागि कुशल नेतृत्व अनिवार्य हुन्छ। राजनीति, समाज, अर्थतन्त्र, कानुन एकअर्काका अन्योन्याश्रित पक्ष हुन्। यीलगायत अन्य बहुपक्षमा सकारात्मक रूपान्तरण ल्याउन एउटा कुशल नेतृत्वको भूमिका अग्रणी हुन्छ। देशको परिस्थितिजन्य अवस्था अनुसार देश र जनताको सर्वोत्तम हितका निमित्त आफ्ना कार्य र उद्देश्य केन्द्रित गरी निश्चित समयमा राजनीतिको सङ्क्रमणकाललाई सामान्यकृत गर्ने मुख्य जिम्मेवारी नेतृत्वको हुन्छ। राजनीतिक नेतृत्वका सन्दर्भमा आआफ्नै धारणा रहन सक्छन् तर कुशल नेतृत्व चाहिँ कस्तो हो भन्ने जिज्ञासा सर्वत्र देखिन्छ।

प्रसिद्ध कूटनीतिज्ञ एवं अमेरिकी पूर्वविदेशमन्त्री हेनरी किसिन्जरको हालै प्रकाशित पुस्तक 'लिडरसिप' मा विश्वका प्रतिष्ठित राजनीतिज्ञमध्ये छ जनाले देश, काल र परिस्थितिमा निर्वाह गरेको भूमिकालाई विश्लेषण गरिएको छ। किसिन्जरले पुस्तकमा विभिन्न उपशीर्षकमा विश्लेषण गर्दै नेतृत्वले देखाएको शासकीय कौशलबारे चर्चा गर्नुभएको छ। कोनार्ड एडेनाउर (जर्मनी), चार्ल्स डी गाउल्ले (फ्रान्स), रिचार्ड निक्सन (अमेरिका), अनवार सदात (मध्य अरब), ली क्वान यु (सिङ्गापुर) र मार्गरेट थ्याचर (बेलायत) बारे किसिन्जरले चर्चा गर्नुभएको छ।

पुस्तकमार्फत भावी नेतृत्व परिकल्पना कस्तो होला भन्ने निकै सान्दर्भिक र महत्वाकांक्षी विषयलाई उठाउनुभएको छ किसिन्जरले। राजनीतिमा मात्र होइन, कुशल नेतृत्व हरेक बहुआयामिक पक्षमा अनिवार्य आवश्यकता हो तर नीतिहरूको सर्वश्रेष्ठ नीति राजनीतिले त्यस्ता बहुआयामलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने हुँदा राजनीतिक नेतृत्वका सन्दर्भमा विश्वभर निकै चासोसाथ हेरिन्छ। राजनीति, समाज र आर्थिक रूपान्तरणका लागि कुशल मियोको भूमिका अद्वितीय रहन्छ। हामीले अन्य आयाममा भन्दा पनि राजनीतिमा कुशल नेतृत्वको अपेक्षा बढी गर्छौं।

कस्तो हुन्छ कुशल नेतृत्व ?

आदर्श राज्य र कुशल नेतृत्वको कल्पना निकै गहिरो छ। अथवा कल्पनाको राज्य युटोपियन, रामराज्य अयोध्यापुरी, महाभारतकालीन श्रीकृष्णको वृन्दावन, गोकुलधाम कि मथुरा, युधिष्ठिरको हस्तिनापुर कि इन्द्रप्रस्थ, रावणको लङ्का, यशुको भ्याटिकन सिटी, मोहम्मदको मक्का मदिना, कुन हो आदर्श राज्य ? को थिए आदर्श नेतृत्व ? के हुन् आदर्श राज्यका मानकहरू ? प्राचीन पश्चिमा राजनीतिक दार्शनिक सुकरात, प्लेटो, अरस्तु या पूर्वीय दार्शनिक मनु, कौटिल्य र कन्फ्युसियस, को थिए आदर्श नेतृत्व ? मध्य युगका म्याकियावेलीदेखि जोन लक, इमान्युयल कान्ट, रुसो, कार्ल मार्क्स, लेनिन र माओ तथा आधुनिक राजनीतिक दार्शनिक गान्धी, मन्डेला, को थिए त प्रभावशाली नेतृत्व ? यो समग्र राजनीतिशास्त्रकै निम्ति महत्वपूर्ण प्रश्न हुन सक्छ। हामी हरेक कल्पनामा सर्वगुण सम्पन्न नेतृत्वको खोजी गर्छौं। यही हाम्रो कमजोरी छ कि सर्वगुण सम्पन्न नेतृत्व आदर्शमा मात्र हुन सक्छ तर यथार्थ र व्यवहारवादी राजनीतिमा सम्भव छैन।

पर्फेक्ट लिडर कल्पनाको दुनियाँ युटोपियनमा मात्र सम्भव छ भन्ने तर्क आधुनिक राजनीतिक दार्शनिकले गर्छन्। मानिसका तर्क, वितर्क र सोच अनुसार नेतृत्व फरक फरक शैली र गुणको हुन सक्छ। साँच्चै सर्वमान्य नेतृत्व चाहिँ कस्तो होला त ? पक्कै पनि राजनीतिको नेतृत्व मात्र सर्वमान्य नहुन सक्छ। विश्वव्यापी व्यापारको सञ्जालबाट आफ्नो साम्राज्य खडा गरेका धनाढ्य पनि त कुशल नेतृत्वकै परिणाम होलान्। खेल जीवनमा पटक पटक उच्च मान पदवी जितेका हस्तीको कलालाई कसरी लिने ? वर्तमान उत्तरआधुनिक समयमा निश्चित भूगोल, निश्चित संघ संस्थालाई मात्र होइन, विश्वलाई नै 'म्यानिपुलेट' गरेर शासन गरिरहेका सोसल मिडियाका मालिक पनि कुशल नेतृत्वको हकदार हुन नसक्लान् त ?

विश्व राजनीतिको वर्तमान परिवेशलाई विश्लेषण गर्ने हो भने सम्पन्नशाली मुलुकका शक्तिशाली नेतृत्वको योगदान पनि आफ्नै स्थानमा महत्वपूर्ण छ। फोर्ब्स र टाइम म्यागजिनको सूचीमा सी चिनफिङ, भ्लादिमिर पुटिन, जो बाइडेन, ओल्फ सान्चोस, जेफ बेजोस, वारेन बफेट, बिल गेट्स, नरेन्द्र मोदी, ल्यारी पेज, इमान्युयल म्याक्रौं र ऋषि सुनकलाई विश्वकै प्रभावशाली नेतृत्वका रूपमा उल्लेख गरिएको छ। किसिन्जरले उल्लेख गरेजस्तै निश्चित मापदण्ड र सूचकबाट प्रभावशाली नेतृत्व चुन्नु निकै कठिन विषय हो तर निश्चित समय र सीमित स्रोतसाधनबाट मुलुकको एक युगको आकांक्षालाई अगाडि बढाएर नयाँ व्यवस्था स्थापित गर्न सक्नु नेतृत्वको सफलता हो।

नेपाली राजनीतिमा नेतृत्व नेपालको सन्दर्भमा भने हेनरी किसिन्जरले तुलना गरेजस्तै नेतृत्व विगत र वर्तमानमा कस्तो छ ? भविष्यमा कस्तो होला ?

के नेपालमा प्रभावशाली नेतृत्व उदयको सङ्केत वा लक्षण देखिन्छन् ? भन्ने अर्थपूर्ण खोज निकै चाखलाग्दो छ। नेपालको राजनीतिक कालखण्डका विभिन्न आरोहअवरोहमा संघर्ष गरेका समकालीन नेतृत्व किसिन्जरका नजरमा परे या परेनन् ? हाम्रो इतिहासलाई किसिन्जरले महत्व दिए अथवा दिएनन् ? नेपाली भूमिले इतिहासको कालखण्डमा त्यस्ता नेतृत्वको जन्म दिनै सकेन त ?

नेपालको राजनीतिक कालखण्डलाई मुख्यतः तीन चरणमा राखेर चर्चा गर्न सकिन्छ। पहिलो प्रजातन्त्र प्राप्तिपूर्वको समय, दोस्रो, प्रजातन्त्रपछिको समय र तेस्रो, जनआन्दोलनदेखि गणतन्त्र हुँदै हालसम्मको समय। यस लेखमा विशेषतः प्रजातन्त्र प्राप्तिपश्चात्को समयलाई जोड दिन खोजिएको छ। १०४ बर्से जहानियाँ राणा शासनको अन्त्य र लामो विरासत बोकेको राजतन्त्र अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापनाका नायकलाई बिर्सन मिल्दैन। प्रजातन्त्रमार्फत नागरिकको अधिकार सुनिश्चित गर्ने नेतृत्वदायी भूमिकामा बिपी कोइराला, सुवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायतका नेताको योगदान अविस्मरणीय छ। निरक्षरतामा निदाइरहेको समाजलाई राजनीतिक चेतनामार्फत ब्युँझाएर व्यवस्थाकै परिवर्तन गर्नु सामान्य कर्म होइन।

पञ्चायती शासन ढालेर जनआन्दोलनमार्फत बहुदलीय व्यवस्थाको स्थापना गर्ने अथक नायकलाई पनि यहाँ बिर्सन मिल्दैन। जनताको बहुदलीय जनवादलाई व्याख्या गर्ने मनमोहन अधिकारी, पुष्पलाल र मदन भण्डारीजस्ता स्वच्छ नेतृत्वले प्रतिपादन गरेका सिद्धान्त पनि युगीन छन्। राजनीतिक उतारचढावबिच १० वर्षसम्म सशस्त्र द्वन्द्व हाँकेका पुष्पकमल दाहाल 'प्रचण्ड', बाबुराम भट्टराई, मोहन वैद्यलगायतले हाँकेको माओवादीलाई शान्ति वार्तामार्फत राजनीतिको मूल प्रवाहमा ल्याउने गिरिजाप्रसाद कोइरालाको नेतृत्व यहाँनेर स्मरणीय छ। अर्कातर्फ गणतन्त्र, संविधान, संघीयता, समावेशी, समानुपातिक व्यवस्था र सामाजिक न्यायका सूत्रधार प्रचण्ड-बाबुरामलाई नै मान्नु पर्छ। जनप्रतिनिधिले लेखेको संविधान जारी गर्ने नेतृत्वमा भने सुशील कोइराला अब्बल ठहरिए।

समकालीन नेपाली राजनीतिको नेतृत्वको चर्चा गर्ने हो भने शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड' र केपी ओली शीर्ष स्थानमा देखिन्छन्। विगत तीन दशकदेखि प्रत्यक्ष अप्रत्यक्ष रूपमा यिनै नेतृत्वले शासकीय बागडोर समालिरहेका छन् तर अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन।

भावी नेतृत्वको अपेक्षा

नेपालमा पछिल्लो राजनीतिक व्यवस्था बदलिएपछि आमअपेक्षामा जनताको अवस्था पनि बदलिन्छ भन्ने थियो। राजनीतिक अधिकारको अथक लडाइँबाट संघीय लोकतान्त्रिक गणतन्त्र जस्तो जनकेन्द्रित व्यवस्था लागु भयो तर जनताका दिमागमा सञ्चार भए जस्तो महत्वाकांक्षी रूपान्तरण देखिएन। राजनीतिक स्थिरता कायम हुन सकेन। राजनीतिक, आर्थिक, सामाजिक

❖ बाँकी तेस्रो पृष्ठमा

# अग्निपीडित महतोलाई १३ लाखको चेक हस्तान्तरण

झापा(प्रस) । सुनसरीको इनरुवा नगरपालिका वडा नम्बर २ लक्ष्मी नारायण चोक निवासी सुरेन्द्र महतोलाई आर.सी. ट्रेडिङ्ग.कम्पनीले १३ लाख २७ हजार १०४ रुपैयाँको चेक हस्तान्तरण गरेको छ ।

इनरुवा नगरपालिकामा आर.सी. ट्रेडिङ्ग कम्पनी इन्डिकेड ग्यास टेक्नोलोजीले एक कार्यक्रमको आयोजना गरी अग्निपीडित महतोलाई चेक हस्तान्तरण गरेको हो ।

महतोको २०८० साल कात्तिक ३० गते घरमा ग्यास लिकेज भएर आगलागी हुँदा घर पूर्णरूपमा जलेर नष्ट भएको थियो । मेहताले आर.सी. ट्रेडिङ्ग कम्पनीको रेगुलर प्रयोग गर्दै आएका थिए ।

उक्त कम्पनीले आफ्नो प्रयोगकर्ताले प्रयोग गर्दै आएको रेगुलेटरको बिमा समेत गर्दै आएको छ । उक्त कम्पनीले रेगुलेटरबाट ग्यास लिकेज भई आगलागी लगायतका दुर्घटना हुँदा राहतस्वरूप रकम हस्तान्तरण गर्ने गरेको आर.सी.ट्रेडिङ्ग.कम्पनीले जनाएको छ । चेक हस्तान्तरण गर्ने कार्यक्रममा इनरुवा नगर प्रमुख केदार भण्डारी, उपप्रमुख विनीता मेहतासहितको उपस्थिति रहेको थियो ।

# बिलिभर्स इस्टर्न चर्चद्वारा डष्टबिन बितरण

• वीरु दर्नाल

बिर्तामोड । बिर्तामोड ४ स्थित बिलिभर्स चर्चले ५० वटा डष्टबिन बितरण गरेको छ । चर्चले फोहोर व्यवस्थापनका लागि वडा नं ४ स्थित ओम शान्ति टोल विकास संस्थालाई ती डष्टबिन बितरण गरेको हो । 'समाजमा धेरै सेवाका कर्महरु गरेर सामाजिक काम गरेको हामीले सुनेका छौं , देखेका छौं । बिलिभर्स चर्च हाम्रो टोलमा हुनुमा हामी गर्व गर्छौं ' चर्चद्वारा सोमवार आयोजित डष्टबिन हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि ओम शान्ति टोल विकास संस्थाकी उपाध्यक्ष द्रौपदा गणेशले भनिन् ।

चर्चले बिर्तामोड ४ स्थित ओम शान्ति टोल विकास संस्थालाई ५० वटा डष्टबिन एक कार्यक्रमका बिच हस्तान्तरण गरेको हो ।

चर्चका रेभ. फादर डा.चित्रकुमार रुपाचाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा टोल विकास संस्थाका सचिव गोकुल रिजाल तथा टोल विकास संस्थाका सदस्यहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको संचालन चर्चका डिकन फादर समर वाग्ले तथा सुरुको प्रार्थना एल्डर दिलिप रम्तेलले गरेका थिए ।

"हामी फरक-फरक आस्था, जात र पृष्ठभूमिका हौं तर एक अर्काको हातमा हात मिलाएर अघि बढ्ने हो भने पक्कै पनि हाम्रो समुदायका लागि ठूलो काम गर्न सक्छौं' भन्दै टोल विकास संस्थाका सचिव रिजालले डस्टबिन उपलब्ध गराएकोमा चर्चप्रति धन्यबादसहित आभार ब्यक्त गरे ।

रेभ. डा. रुपाचाले बिलिभर्स इस्टर्न चर्चले समुदायका लागि गरेको कामको बारेमा जानकारी दिँदै कार्यक्रमलाई सफल बनाउनको लागि अमूल्य उपस्थितिको लागि सबै आमन्त्रित र लाभार्थीहरूलाई धन्यवादसहित आगामी दिनहरुमा पनि बिभिन्न समुदाय तथा स्थानीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने बताए ।

# सिँचाइका लागि कोशीमा स्पर, जोगियो बस्ती



झापा(प्रस) । सप्तकोशी नदीको बहाव पश्चिमी किनारातिर केन्द्रित हुँदै गएपछि सुनसरी मोरङ सिँचाइ आयोजनाले पानीको बहावलाई पूर्वतर्फ फर्काउन सप्तकोशीमा आठ वटा ठुला स्पर निर्माण गरेको छ ।

चतरास्थित कोशी पुलभन्दा माथि तीन र पुलभन्दा तलको भागमा पाँच वटा गरी अहिलेसम्म आठ वटा स्पर निर्माण गरेको सुनसरी मोरङ सिँचाइ आयोजनाले जनाएको छ ।

सो आयोजनाका सिनियर डिभिजन इन्जिनियर राजेशभक्त पोखेलका अनुसार सुनसरी र मोरङ जिल्लाको ६८ हजार हेक्टर क्षेत्रफल सुख्खा जग्गामा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले सन् १९७५ मा भारत सरकारबाट सो आयोजनाको निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको हो । पुरानो इन्टेकबाट पर्याप्त मात्रामा पानी जान नसकेपछि भने त्योभन्दा करिब एक हजार तीन सय मिटरमाथिबाट सन् २००१ मा पुनः दोस्रो पटक अर्को इन्टेक निर्माण गरिएको थियो ।

कोशीको धार परिवर्तन भई पानीको बहाव पश्चिमतिर मात्र हुने र पूर्वतर्फ गिट्टी, बालुवा मात्र थुप्रिन थालेपछि दोस्रो पटक निर्माण गरिएको इन्टेकबाट पनि पानी लैजान नसकिएपछि पानीको बहाव पूर्वतर्फ फर्काएर सिँचाइ आयोजनाको इन्टेकमा पानीको मात्रा बढाउन पश्चिमतिरको किनारामा यस किसिमका स्पर बनाउनु परेको सिनियर डिभिजन इन्जिनियर पोखेलले बताए ।

पछिल्लो पटक चालु आर्थिक वर्ष २०८०/८१ मा निर्माण गरिएका दुई ठुला स्परका कारण कोशीको धार पूर्वतर्फ मोडिएसँगै सिँचाइ आयोजनाको इन्टेकमा अहिले प्रशस्त पानी पुगेको उनले बताए ।

पशुपति निर्माण सेवा भरतपुर चितवनले २०८० साल वैशाख ४ गते १८ करोड ३२ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेर निर्माण सम्पन्न गरेका ती दुई ठुला स्परका कारण एकातिर सिँचाइ आयोजनाको इन्टेकमा पानी पर्याप्त भएको छ भने अर्कातर्फ उदयपुरको बेलका नगरपालिका-८ को कोठु, चम्पापुर, मेखवारी र सोमबारेसम्मको गाउँबस्ती र खेतीयोग्य जमिन कोशी कटानको उच्च जोखिमबाट जोगिएको छ ।

कोशीले धार परिवर्तन गरी पानीको वेग गाउँतिर मोडिएपछि नदी कटानको उच्च जोखिममा परेको उदयपुरको बेलका नगरपालिका-८ स्थित मेखबारी क्षेत्रको जमिन र बस्ती जोगाउन अघिल्लो वर्ष पनि यस आयोजनाले सो क्षेत्रमा रिभेटमेन्ट वाल अर्थात् कटान क्षेत्रको भित्तो संरक्षणको काम गरेको छ ।

बिचमा बग्नुपर्ने नदी पूर्वतर्फबाट पश्चिमतिर मोडिएर पानीको सम्पूर्ण बहाव पश्चिमी किनारामा एकीकृत हुँदै गएपछि सुनसरी मोरङ सिँचाइ आयोजनाले छ करोडभन्दा बढी रुपियाँ लगानीमा दुई सय मिटर लामो लन्चिङ एप्रोचसहितको यस किसिमको भित्ता संरक्षण गरी बेलकातर्फको कटान नियन्त्रणको काम गरेको हो ।

तर अझै करिब ३१० मिटर क्षेत्रमा त्यस किसिमको रिभेटमेन्ट वाल निर्माण गर्न अति आवश्यक भए पनि बजेटको अभावमा काम गर्न सकिएको छैन । यसका लागि करिब ३० करोड रुपैयाँको लागत इस्टिमेटसहितको योजना निर्माण गरी आवश्यक बजेट व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयमा माग गरिए पनि ठोस रूपमा सुनुवाइ नभएको पोखेल बताउँछन् ।

त्यसो त चालु आवमा निर्माण सम्पन्न भएको स्परको कामको पनि निर्माण व्यवसायीलाई करिब १० करोड रुपैयाँ भुक्तानी दिन अझै बाँकी रहेकाले यसका लागि पनि बजेट जुटाउन कार्यालयलाई निकै सकस परिरहेको उनको भनाइ छ ।

कोशीमा बाढी आउँदा डुबाउला भन्ने चिन्ता र बाढी घट्दा जमिन कटान गरेर झन् छिटो गाउँ सखाप पार्ला भन्ने भयले स्थानीयमा व्यापक चिन्ता पैदा भइरहेको अवस्थामा सो आयोजनाले निर्माण सम्पन्न गरेको स्परबाट पानी पूर्वतिर धकेलिए पनि त्यसलाई सोझो रेखामा बगाउन सकिएन भने वारिपट्टिको जग्गामा ठुलो क्षति हुन सक्ने बेलका नगरपालिकाका नगरप्रमुख अशोक कार्कीले बताए ।

कोशीको भेलमा पसेर पानीभित्रैबाट जालीमा ढुङ्गा भरेर ४२ मिटर लन्चिङ एप्रोचसहितको ५४ मिटर लामो दुईवटा स्पर निर्माण गर्न निकै कठिन र जोखिमयुक्त काम भए पनि निर्माण व्यवसायी र कार्यालयका प्राविधिक कर्मचारीको अथक प्रयासमा यस किसिमका ठुला स्पर निर्माण गर्न आयोजना सफल भएको छ ।

## कोशीमा...

सुरक्षा गोष्ठी सकिएलगत्तै पत्रकार हरुसँग कुरा गर्ने क्रममा भट्टराईले अपराध नियन्त्रण, सेवा प्रवाह, विकास निर्माण, विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्य, राजस्व चुहावट नियन्त्रण, प्राकृतिक स्रोतको कानूनसम्मत उपयोग, सार्वजनिक र सरकारी जग्गाको संरक्षण गर्ने विषयमा संघीय सरकार, प्रदेश सरकार मातहतको निकायहरुको सहकार्यको विषयमा छलफल भएको बताए ।

यस्तै गोष्ठीमा सहभागीले धार्मिक तथा सामाजिक सद्भाव विगार्ने गरी छिटपुट गतिविधिहरु हुने गरेको, आर्थिक तथा वित्तीय अपराधका घटना बढ्दै गएको, लागूऔषधको दुरुपयोग नियन्त्रणको प्रयासको वाबजुद पनि बढ्दै गएको, आत्महत्या बढेको र बेलाबेला हुने राजनीतिक द्वन्द्वले सुरक्षा चुनौती बढ्दै गएको विषय सहभागीले उठाएका थिए ।

कार्यक्रममा गृह सचिव एकनारायण अर्यालले बाढी, पहिरो र भूकम्प जस्ता प्राकृतिक विपत्तिहरूको जोखिम रहेको बताए । यसबाट बच्नका लागि विश्वका उत्कृष्ट अभ्यासहरू अपनाउने र स्थानीय स्तरमा विपद् प्रतिकार्य टोलीहरू गठन, पूर्वसूचना प्रणालीको विकास र विपद्पश्चातको पुनर्निर्माणमा जोड दिइएको उनले बताएका थिए । यस्तै कुनै पनि प्रकारका गैरकानुनी कार्य र सामाजिक तथा सद्भाव विथोल्ने गतिविधिलाई कानुनको दायरामा ल्याउन, राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन र कार्ड वितरणलाई प्रभावकारी बनाउन, निजी हतियारको नियमन गर्न निर्देशन दिएका थिए ।

गोष्ठीमा स्थानीय प्रशासनले कानुन कार्यान्वयनमा पूर्ण सक्रियताका साथ काम गर्ने र संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार मातहतका निकायहरुबीचको समन्वयलाई थप प्रभावकारी बनाउने साझा प्रतिबद्धता जनाइएको छ ।

## राजनीतिज्ञको...

आयाममा देखिएका वितृष्णा राजनीतिक नेतृत्वप्रति पोखिएको छ ।

नेपालको भावी राजनीति यिनै कम्प्लेक्ससिटी र सिम्प्लिसिटीका आयामलाई कसले कुशलतापूर्वक सञ्चालन गर्न सक्छ भन्ने विषयमा निर्भर रहन्छ । राजनीति संवेदनशीलता र सम्भावनामा दुवै अवसर र चुनौतीले भरिएको हुन्छ । एउटा कुशल राजनीतिज्ञले शासकीय नेतृत्व गर्न पायो भने जरैदेखि परिवर्तनको प्रयत्न गर्छ । त्यसले जग राख्छ । बलियो जग भनेको बलियो व्यवस्था हो । व्यक्तिको शक्तिले होइन कि व्यवस्थाको बलले मुलुकमा सुशासनको अभ्यास र समुन्नतिको जग बस्ने हो । नेतृत्वले कानुनी शासनप्रति पूर्ण प्रतिबद्धता कायम गरेको हुनुपर्ने अनिवार्य सर्त हो । प्रियतावादको भिडबाट प्रेरित, भयभीत र उद्वेलित नेतृत्वले मुलुकलाई उचाइमा लैजान कदापि सक्दैन ।

पछिल्लो समय वैकल्पिक राजनीतिको वेगले अनपेक्षित नतिजा देखाइरहेका छन् । राजनीति र सामाजिक संरचनामा आएका परिवर्तनले प्रियतावादी नेतृत्वको स्वप्नदर्शिताको अपेक्षा बढ्दो छ । पुराना र ठुला दलहरूले केही पनि गरेनन्, भ्रष्टाचारको विकृति र अविकासका कारक यिनै हुन्, त्यसैले हामी समाजमा जरैदेखि परिवर्तन ल्याउँछौँ भन्ने भाष्य सिर्जना गरेर राजनीतिक मैदानमा उत्रिएकाहरूको विगत र वर्तमानको कार्यशैलीबाट भविष्यमा कस्तो नेतृत्वको अपेक्षा गर्न सकिन्छ ? कानुनी शासन र सुशासनका नारा लगाउनेहरूका व्यवहारमा उस्तै प्रवृत्ति पाइन्छ त ?

राजनीतिक परिपक्वता र कौशल कति महत्वपूर्ण छ भन्ने कुरा पछिल्लो समय विकसित राजनीतिक घटनाक्रमले नै बताउँछ । सामाजिक सञ्जालको स्वप्न शासनबाट यथार्थमा अवतरण हुने शासन कुन हो ? नागरिकका अधिकार, सामाजिक सुरक्षा, सामाजिक न्याय, सुशासन र समुन्नतिसहितको लोककल्याणकारी शासन व्यवस्थाका लागि कस्तो नेतृत्व चाहिन्छ ? अपवादबाहेक युवावयमा राज्यसत्ताको नेतृत्व गरेका कति नेतृत्व सफल देखिन्छन् ? राजनीतिले गरेको समाजको परिकल्पना के हो ? समाजले निर्देश गरेको राजनीति कस्तो हुनुपर्ने हो ? समाजको माग राजनीतिज्ञको दृष्टिमा किन पर्दैन ? राजनीतिमार्फत समाजमा के र कस्ता प्रभाव परेका छन् ? यस्ता प्रश्नले सार्थक उत्तरको खोजी गरिरहेका छन् । यसर्थ कुशल नेतृत्वले आममानिसका यस्ता प्रश्नको शीघ्र सम्बोधन गर्ने प्रयत्न गर्नु पर्छ । अन्यथा प्रियतावादी नेतृत्वको जनअपेक्षाले कतै लोकतन्त्र पनि अयोग्यको शासन बन्न त पुग्दैन ?

# झापामा ब्राउनसुगरसहित दुई पक्राउ



झापा(प्रस)। झापामा लागूऔषध ब्राउनसुगरसहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा अर्जुनधारा ३ मदनपुर बस्ने ३७ वर्षीय दिलबहादुर विश्वकर्मा र बिर्तामोड नगरपालिका वडा न. ५ बस्ने ३८ वर्षीय सुमन भन्ने सूर्यवंशी राय रहेका छन् ।

सोमवार राति ८:३० बजेको समयमा अर्जुनधारा नगरपालिका वडा नं.३ मदनपुर टोलस्थित अस्थाई प्रहरी चौकी खुदुनाबारीबाट खटिएको प्रहरी गस्ती टोलीले शंकास्पद अवस्थामा विश्वकर्मालाई फेला पारी चेकजाँच गर्दा उनको साथबाट प्लास्टिकसहित १ ग्राम ९६० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । विश्वकर्मालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय अनारमनीमा ल्याई थप अनुसन्धान भइरहेको छ ।त्यस्तै राति ८ बजेको समयमा मेचीनगर नगरपालिका वडा न. ६ पुरानो मेची पुलमा प्रहरी टोलीले भारततर्फबाट भाडाको सिटी सफारीमा आउँदै गरेका सुमन भन्ने सूर्यवंशी रायलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा उनको साथबाट प्लास्टिकसहित २ ग्राम ५३ मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । रायलाई आवश्यक कारवाहीको लागि ईलाका प्रहरी कार्यालय काँकरभिट्टामा ल्याई थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

| | |
|---|---|
| मेष | रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| वृष | आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ । |
| मिथुन | सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ । |
| कर्कट | जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ । |
| सिंह | सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला । |
| कन्या | मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन् |
| तुला | कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । |
| वृश्चिक | आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ । |
| धनु | आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ । |
| मकर | नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| कुम्भ | ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ । |
| मिन | आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ |